

# भारतीय ट्रकले सडक बिगारेका छन्, नेपाली ढुवानी व्यवसायीले काम नपाउने अवस्था छ

मुलक भित्र व्यापार प्रवर्द्धनको लागि ढुवानी व्यवसायीको महत्वपूर्ण योगदान छ । ढुवानी व्यवसाय प्रति राज्यले उचित व्यवस्थापन गर्न नसक्दा अस्तव्यत मात्र छैन, यो क्षेत्रमा लगानी गरेकाहरु पलायनका अवस्थामा छन् । ढुवानी व्यवसायीको योगदान राज्यको आँखामा नपर्दा ढुवानी व्यवसायी अन्योलको अवस्थामा छन् । भारतीय ट्रकको निर्वाध रुपमा भित्रिदा २४० प्रतिशत भन्सार तिरेर ट्रक किनेका ढुवानी व्यवसायीले काम नपाउने अवस्था छ । प्रस्तुत छ, यस्तै सन्दर्भमा ढुवानी व्यवसायी महासंघका उपाध्यक्ष **अरुण श्रेष्ठ**सँग मध्यान्हका **छबि सापकोटा**ले गरेको कुराकानी :

■ **अरुण श्रेष्ठ**, उपाध्यक्ष, ढुवानी व्यवसायी महासंघ

**नेपालमा ढुवानी व्यवसायको अवस्था कस्तो छ ?**

नेपालको भौगोलिक अवस्थाले पनि ढुवानी व्यवसायलाई महत्वपूर्ण व्यवसायको रुपमा हेरिन्छ । हामीले आन्तरिक ओसारपसार र बाह्य देशबाट आयात हुने वस्तुहरुको ढुवानी गरिरहेका छौं । बाह्य मुलुकबाट नेपाल प्रवेश गरेपछि ढुवानीको गर्ने एक मात्र विकल्पको रुपमा हामी व्यवसायीले काम गर्दै आएका छौं । तर, सरकारले यातायात क्षेत्रलाई हेर्ने दृष्टिकोण सकारात्मक छैन । भारतीय ट्रकको ओभरलोडले गर्दा नेपालको सडक बिगार्ने तर, नेपाली ढुवानी व्यवसायीले काम नपाउने अवस्था छ । सरकारले रोजगारी सृजना गर्ने भन्छ तर रोजगारी दिने क्षेत्रबाट पलायन हुँदा समेत वास्ता छैन । मुलुकको अर्थतन्त्र चलायमान चलाउने व्यवसायलाई व्यवस्थित गर्न अहिलेसम्म ढुवानीको लागि भनेर छुट्टै स्थान नै छैन ।

**तपाईंहरुलाई सरकारको असहयोग कहाँनेर छ ?**

ढुवानीमा सरकारले मूल्य अभिवृद्धि कर लगाएको छ । जसले समग्र व्यापार व्यवसाय तथा आम उपभोक्तामा महँगी बढाउने काम भएको छ । ढुवानी व्यवस्थित हुँदा जसले जति मन लाग्यो यसरी नै व्यापार गरिरहेका छन् । नेपालमा अति आवश्यक ढुवानी क्षेत्रका व्यवसायीले यो पिडा सुन्ने केही छैन । हामिले कोभिड, नाकाबन्दी जस्तो समयमा यो व्यवसायले कुनै प्रवाह नगरी काम गऱ्यौ । जो जहाँ रहेपनि दैनिक उपभोक्ता बस्तु, खाद्यान्न, औषधी लगायतका चिजहरुलाई ढुवानी गर्नुको बिकल्प थिएन । तर, यो व्यवसायबाट कति पलायनको अवस्था आउँदा समेत कसरी सहयोग गर्ने भन्ने कोही छैन । ट्रान्सपोर्ट गर्ने स्थान नहुँदा भाडाका स्थान र बाटोमा, रातीराती काम गर्नु परेको छ । हाम्रा साधनको पार्किङ गर्ने स्थान समेत छैन । करोडौं तिरेर किनेको सवारी साधन बेवारिसे स्थानमा राख्नु परेको छ । त्यसैले हामीले लामो समयदेखि कम्तिमा सातै प्रदेश र प्रमुख शहरहरुमा ट्रान्सपोर्ट नगरका लागि भनिरहेको छौं तर, सुनुवाई भएको छैन । ट्रान्सपोर्ट नगर भयो भने ट्राफिक व्यवस्थापनदेखि ढुवानी खर्चलाई कम समेत गर्न सकिन्छ । लागतमा १५ प्रतिशतसम्म खर्च खटाउन सकियो भने त्यसले उपभोक्तालाई नै लाभ हुन्छ ।

**ढुवानी व्यवसायीलाई सरकारले कसरी सहयोग गर्नुपर्छ भन्ने धारणा छ तपाईंको ?**

यो व्यवसायलाई व्यवस्थित बनाउन हामीले लामो समयदेखि समस्या सुनाउँदै आएका छौं । सरकारले हुन्न भन्दैन तर, काम पनि गर्दैन । हामीले दिएको सुझावलाई सुन्नुहुन्छ उहाँहरु, यो राम्रो माग हो भनेर पनि भन्नु हुन्छ । उहाँहरुले गरेको प्रतिबद्धता सुन्दा अब काम होला भन्ने लाग्छ तर, वर्षौं यसरी नै समय बितिरहेको छ । हाम्रो समस्याको सम्वोधन कहिल्यै भएन । हामीले ढुवानी सम्बन्धी ऐनको माग समेत गरेको छौं ।

पूर्वाधार निर्माणको विकास समेत केही भएको छैन । नीति कागजमा बन्छ तर, कार्यान्वयन हुँदैन । त्यसैले ढुवानी व्यवसाय अस्तव्यस्त हुँदै गएको छ । व्यवसायी व्यवसायीबीच पनि अस्वस्थ प्रतिस्पर्धाले अझै समस्या बढ्दो छ । अर्थतन्त्रलाई चलायनमा गराउने क्षेत्र नै ढुवानी क्षेत्र हो । अर्बपतिदेखि सामान्य व्यवसाय गर्नेहरु यो व्यवसायमा जोडिएका छन् । यो व्यवसायमा न जोडिने केही छैन । आन्तरिक ओसारपसारको लागि एउटा पुलको रुपमा यो व्यवसायले काम गरेको छ । तराईदेखि हिमालसम्म ढुवानी व्यवसायको पहुँच पुगेको छ । आपुर्ति, यातायात, अर्थ, उद्योग मन्त्रालयसम्म यो व्यवसाय जोडिएको छ, यसलाई सबैको प्राथामिकतामा पर्नुपर्छ ।

**तपाईंहरुको व्यवसायमा प्रशासनिक जटिलता कत्तिको झेल्नुपर्ने अवस्था छ ?**

हाम्रो व्यवसाय यो नै मूख्य समस्या हो । अहिले एक प्रदेशबाट अर्को प्रदेशमा ढुवानी गर्दा अर्को नीति छ । वस्तु लोड गरेपनि सम्बन्धित स्थानमा नपुग्दासम्म कसले कहाँ अवरोध गर्ने हो भन्ने निश्चित छैन । जहाँपनि मिलाउन मै हाम्रो समय खेर गइरहेको छ । मुडको भरमा कारबाही र जरिवाना हुन्छ । त्यसैले साँच्चै नै यो व्यवसायलाई व्यवस्थित गर्ने हो भने धेरै विषय सुधार्नुपर्ने अवस्था छ । मुलुकलाई बनाउँछु भन्ने नेतृत्व वर्ग राजनीतिक दलदेखि व्यवसायी हरेक नागरिक सच्चिन र सुध्रिन पर्ने अवस्था छ । यो व्यवसायलाई दीर्घकालीन रुपमा व्यवस्थित गर्ने हो भने आजैबाट सुधारको प्रयासमा जुट्नु पर्छ ।

**भारतीय सवारीले ढुवानी गरिरहेका छन्, त्यसबाट नेपाली व्यवसायीलाई कत्तिको असर परेको छ ?**

भारतबाट आउने ट्रकहरु जसरी नेपाल भित्रिएका छन् त्यसले हाम्रो मुलुकलाई धेरै ठूलो क्षति भएको छ । त्यसले हाम्रो व्यवसायलाई समेत असर गरेको छ । उनीहरुले ओभरलोड गरेर हिँड्दा समेत निर्वाध भित्रन दिइन्छ । उनीहरुको सवारीले गर्दा बाटो जाम हुनेदेखि बाटो बिगार्ने काम भएको छ । जसमा कसैको चासो छैन । हामीले गाडी खरिद गर्दा २४० प्रतिशत भन्सार तिर्नुपर्छ । अरु विभिन्न शिर्षकमा पनि कर तिर्नुपर्छ । बिलबुक नवीकरणदेखि पार्टको सामग्रीमा समेत खर्च गर्नुपर्छ । तर, भारतीय गाडी आउँदा उसको योगदान केही हुँदैन । उल्टै हाम्रो बाटो बिगारेर जान्छन् ।

ढुवानीमा भ्याट टिडिएस, भिसिटिएस भर्नुपर्ने जस्ता विषय भएपनि भारतीय गाडीले केही गर्दैनन् । हामी भारतमा जान सक्दैनौ तर, उनीहरु ७२ घण्टेको नाममा हाम्रो मुलुकको ७७ वटै जिल्लामा कुँदिरहेका छन् । अनि ट्रकमा आफ्नै भाँडाकुँडाको प्रयोग गरेर खाना बनाएर खाना खान्छन्, अनि यसले नेपाललाई के फाइदा हुन्छ ? हामीले चर्को कर तिरेर गाडी किन्ने तर भारतबाट आउने ट्रकहरु निर्वाध नेपालभरी घुम्ने ? ट्रकको चक्केअनुसार भार क्षमता तोकिएको छ, थोरै धेरै हुनेबित्तिकै जरिवानामा परिहालिन्छ तर, भारतीयहरु ५०/६० टन बोकेर आउँदा समेत केही हुँदैन ।

हाम्रो व्यवसायमा खर्बौंको लगानी भएको छ । सरकारको जनता र मुलुकको लगानीप्रति वास्ता छैन, अनि कसरी नेपालमै व्यवसाय गरेर बस्ने वातावरण बन्छ । हाम्रो साँघुरो सडक उनीहरुको कब्जामा छ । उनीहरुका दुई तीन तला गाडी आइरहेका छन् । सडक दुर्घटना बढेको छ । भारतीय पुराना गाडी बाटैमा बिग्रिदा सहि समयमा हाम्रो सवारी साधन गन्तव्यसम्म पुग्न सकेका छैनन् । यसमा राज्य निरिह बनेको देखिएको छ । यो क्षेत्रलाई बुझ्न नसक्नु, यसको महत्वलाई चिन्न नसक्नु राज्यको कमजोरी हो ।

# ढल्केबर–इनरुवा प्रसारण लाइन अन्तिम चरणमा



**काठमाडौं/मस** – ढल्केबर-इनरुवा चार सय किलोभोल्ट प्रसारण लाइन निर्माण अन्तिम चरणमा पुगेको छ । माथिल्लो तामाकोशी जलविद्युत् आयोजनालगायत अन्य आयोजनाबाट उत्पादित बिजुली देशका पूर्वी भेगमा प्रवाह गर्ने हेटौँडा-ढल्केबर-इनरुवा प्रसारण लाइनको काम अन्तिम चरणमा पुगेको आयोजनाका प्रमुख श्याम यादवले जानकारी दिए ।

'पूर्वी खण्डको काम सम्पन्न हुने चरणमा छ । ढल्केबर पश्चिम खण्डमा भने विभिन्न स्थानमा अझै पनि अवरोध छ । अवरोध हटाएर आयोजना सम्पन्न गर्न हामी लागिपरेका छौं,' उनले भने । देशभित्रको विद्युत प्रसारण प्रणाली सुदृढीकरण र नेपाल-भारतबीचको विद्युत् व्यापारका लागि निर्माणाधीन हेटौँडा-ढल्केबर-इनरुवा चार सय केभी डबल सर्किट प्रसारण लाइन आयोजना शुरु गरिए पनि स्थानीयको अवरोध, वन क्षेत्रको जग्गा प्रयोगलगायत समस्याका कारण रुग्ण बन्दै आएको छ ।

पूर्वी खण्डको काम सम्पन्न भएपछि माथिल्लो तामाकोशीलगायत आयोजनाको बिजुली पूर्वी भागका औद्योगिक क्षेत्रमा मागअनुसार आपूर्ति गर्न सहज हुनेछ । मकवानपुरको हेटौँडा उपमहानगरपालिका-११ स्थित थानाभऱ्याङबाट शुरु भई धनुषाको ढल्केबर हुँदै सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ स्थित इनरुवा सबस्टेसनसम्मको प्रसारण लाइनको लम्बाइ दुई सय ८८ किलोमिटर छ । पूर्वी खण्डको काम प्रायः पूरा भएकाले उद्घाटनको तयारी भएको तथा त्यस निम्ति ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई अनुरोध गरिएको नेपाल विद्युत प्राधिकरणले जनाएको छ ।

प्रसारण लाइनलाई हेटौँडा-ढल्केबर एक सय ३४ किलोमिटर र ढल्केबर-इनरुवा एक सय ५४ किलोमिटरलाई दुई खण्डमा विभाजन गरी विगत ११ वर्षदेखि काम जारी छ । पहाडी, शिवालिक चुरे र तराई क्षेत्रमा पर्ने प्रसारण लाइनका लागि सात सय ९२ वटा टावर निर्माण गर्नुपर्छ । धेरै जसो टावरको काम सम्पन्न भए पनि स्थानीयवासीले प्रसारण लाइनको मार्ग स्थानान्तरण गरिदिन माग गर्दै अवरोध गरेका कारण बाँकी ३५ वटा टावरको काम नै रोकिएको छ ।

मोरङ-सुनसारी औद्योगिक करिडोरलगायत समग्र पूर्वी नेपालको माग धान्नका लागि भारतबाट थप विद्युत आयात तथा वर्षायाममा देशभित्र खपत गरी बचत भएको विद्युत निर्यात गर्न यो प्रसारण लाइन जतिसक्दो चाँडो सम्पन्न गर्नुपर्ने दबाबमा प्राधिकरण छ । प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले रणनीतिक महत्वका हेटौँडा-ढल्केबर-इनरुवा प्रसारण लाइन सम्पन्न गर्न राज्यको सम्पूर्ण संयन्त्रले सहयोग नगर्ने हो ठूलो विपत् आउनसक्ने बताए । कुल ४००/२२० केभी क्षमताका तीनवटा सबस्टेसन निर्माण सम्पन्न भइसकेको छ ।

हेटौँडा उपमहानगरपालिका वडाहरु १५, १६ तथा १७ स्थिति हटिया र सर्लाहीको लालबन्दी नगरपालिकाको जियाजोर क्षेत्रमा करिब ६ वर्षदेखि निर्माणमा अवरोध छ । हटिया क्षेत्रमा १४ हेटौंडा -११ स्थित थानाभऱ्याङमा दुई र जियाजोर क्षेत्रमा आठवटा टावर निर्माणमा अवरोध छ ।

Invitation for Bid

**Bhairab Model Secondary School**
**Kedarsyun Rural Municipality ward 9**
**Jhota, Bajhang, Sudurpashchim Pardesh, Nepal**

**Invitation for Bids for the BSS/NCB/Works-1/2080/081 Date of publication: 2081/02/13(2024-05-26)**

1. Bhairab Model Secondary School invites electronic bids from eligible bidders for the Bhairab Model Secondary School Jhota Building Construction ward no 9 under National Competitive Bidding- Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications specified in table below should participate in this bidding:
2. Only eligible bidders with the following key qualifications should participate in this bidding: Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs.1,35,57,000.00. Minimum Work experience of similar size and nature (ie. at least one Government/Private R.C.C. Building Construction Experience within last 10 years);Value of Service for Single Project: NRs 36,16,000.00
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Bhairab Model Secondary School Jhota ward no 9, Phone: 9867413714 / 9858490682 / 9858485003 email. bhairabss2018@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder have only option to submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of Rs 3,000.00(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank: Name of the Bank: Nepal Investment Bank Jhota,Bajhang
Name Of the Office: Bhairab Model Secondary School Jhota, Bajhang Account no. : 07501040250665
5. Pre-bid meeting shall be held at Bhairab Model Secondary School Jhota,Bajhang at 1:00 PM on 2081/02/32,(2024-06-14)
6. Electronic bids must be submitted to the SchoolBhairab Model Secondary School Jhota,Bajhang through PPMO website www.bolpatra.gov.np/egp. on or before 12:00 Noon on 2081/03/11 (2024-06-25).Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 pm on 2081/03/11 (2024-06-25).at the Bhairab Model Secondary School Jhota,Bajhang
8. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 2,55,100.00 (With VAT) which shall be valid for 30 days beyond the validity period of the bid. Information to deposit the bid amount in Bank: Name of the Bank: Nepal Investment Bank Jhota,Bajhang
Name of Office: Bhairab Model Secondary School Jhota,Bajhang Account no. : 07501040250665
If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Employer reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.

| IFB No. | Description of work | Procurement Method | Specific Nature of similar work Experience | Bid security Amount NRs. | Price Of Bid Aomunt Nrs. |
|---|---|---|---|---|---|
| BSS/ NCB/ Works -1/2079 /080 | Construction Of Shree Bhairab Model Secondary School toilet Block and Furniture Kedarsyun RM ward 9 | Single Stage Two Envelope | 1. PCC for RCC(M10,M15, M20 Grade). 30.00 CUM<br>2. PCC for RCC(M10,M15, M20 Grade). 30.00 CUM<br>3. TMT 500 Reinforcement work =4200.00 KG<br>4. Form Work=210.00 Sq m<br>5. 12.5 mm Thick Cement sand and plaster(1:3) and (1:4)=315.00 Sq.m | 2,55,100.00 | 3,000.00 |

**Head Teacher, Shree Bhairab Model Secondary School**
**Jhota, Bajhang**

**सुदूरपश्चिम प्रदेश सरकार**
**सामाजिक बिकास मन्त्रालय**
**प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र**
**धनगढी, कैलाली**

**आर्थिक प्रस्ताब खोल्ने सम्बन्धी सूचना**

*(सूचना प्रकाशन मिति : २०८१/०२/१३)*

**आर्थिक प्रस्ताब खोल्ने सम्बन्धि सूचना**

यस केन्द्रबाट मिति २०८०/१२/२३ मा आव्हान भै मिति २०८१/०१/२८ गते विद्युतीय खरिद प्रणाली (eGP) मार्फत खोलिएको बोलपत्रमा रितपूर्वक पेश हुन आएका बोलपत्रहरुको सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५९, ६०, ६२ र ६३ बमोजिम मूल्यांकन गर्दा तपसिल बमोजिमको बोलपत्र सारभूतरुपमा प्रभावग्राही भएकोले उक्त बोलपत्रहरुको सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को उपनियम (५) बमोजिम आर्थिक प्रस्ताब मिति २०८१/०२/२० गते बिहान ठिक ११:०० बजे यस केन्द्रमा खोलिने व्यहोरा जानकारी गरिन्छ ।

| ठेक्का नं. | आर्थिक प्रस्ताब खोलिने सफल बोलपत्रदाताहरु |
|---|---|
| IFB No: PHLMCSP/G/NCB-11/2080-081, Procurement Supply and Delivery Of Supportive Commodities For Nutrition. | १. श्री रेभाची इन्टरनेशनल प्रा.लि.काठमाडौं |

**नि.निर्देशक**

**नमोबुद्ध नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भकुण्डेवेशी, काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशन मितिः २०८१/०२/१३**

यस नगरपालिकाबाट निम्न योजनाहरुको लागि e-bid मार्फत बोलपत्र आह्वान गरिएको हुँदा इच्छुक फर्म, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजेभित्र बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत विवरण सहितको सूचनाको लागि www.bolpatra.gov.np/egp, तथा यस नगरपालिका कार्यालयको वेबसाईट www.namobuddhamun.gov.np मा हेर्न सकिनेछ ।

**तपसिलः**

| ठेक्का नं. | कार्यको विवरण | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|
| NMUN/SQ/GOODS/080/081-02 | Supply and Delivery of Medicine and Medicinal Goods | NRs. 55,000/- | NRs 1,000/- |

**बैङ्क खाता विवरणः**

Name of the Bank: Rastriya Banijya Bank Ltd., Bhakundebesi Branch
Office Name: Namobuddha Municipality Office
Rajaswa (revenue) account no (for bid fee): Ga-1-1-1540100301010002
Dharauti Account No. (For Bid Security): Ga-3-1540100303000002

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**